# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०७०/७१ को पहिलो महिनाको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

1. आर्थिक वर्ष २०७०/७१ को पहिलो महिनामा विस्तृत मुद्राप्रदाय ०.५ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ०.४ प्रतिशतले घटेको थियो । वार्षिक विन्दुगत आधारमा २०७० साउन मसान्तमा विस्तृत मुद्राप्रदाय १६.२ प्रतिशतले वृद्धि भएको छ । समीक्षा अवधिमा संकुचित मुद्राप्रदाय ७.१ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्राप्रदाय ४.९ प्रतिशतले घटेको थियो । वार्षिक विन्दुगत आधारमा २०७० साउन मसान्तमा संकुचित मुद्रा प्रदाय ११.८ प्रतिशतले वृद्धि भएको छ ।




2. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. १६ अर्ब ९ करोड (३.४ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु. ५ अर्ब ५६ करोड (१.४ प्रतिशत) ले बढेको थियो । समीक्षा अवधिमा आयातको वृद्धिदर न्यून रहनुको साथै वैदेशिक सहायता एवम् विप्रेषण आप्रवाह बढ्न गएकोले मौद्रिक क्षेत्रको खुद वैदेशिक सम्पत्तिमा वृद्धि भएको हो ।

### कुल आन्तरिक कर्जा

3. आर्थिक वर्ष २०७०/७१ को पहिलो महिनामा कुल आन्तरिक कर्जा २.१ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा १.२ प्रतिशतले घटेको थियो । वार्षिक विन्दुगत आधारमा २०७० साउन मसान्तमा यस्तो कर्जा १४.८ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा सरकार तर्फको खुद दावी घट्न गएकोले कुल आन्तरिक कर्जा घटेको हो । समीक्षा अवधिमा निजी क्षेत्रतर्फको कर्जा ०.१ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ०.५ प्रतिशतले बढेको थियो ।

### सञ्चित मुद्रा

4. समीक्षा अवधिमा सञ्चित मुद्रा ३.५ प्रतिशतले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा ३.४ प्रतिशतले घटेको थियो। वार्षिक विन्दुगत आधारमा २०७० साउन मसान्तमा उक्त मुद्रा १०.८ प्रतिशतले वृद्धि भएको छ। समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकमा सरकारको नगद मौज्दात वृद्धि भएकोले सञ्चित मुद्रा घटेको हो।

### बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालनको स्थिति

5. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालन ०.५ प्रतिशत (रु. ५ अर्ब ४९ करोड) ले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा निक्षेप परिचालन ०.४ प्रतिशत (रु. ३ अर्ब ९८ करोड) ले बढेको थियो। वार्षिक विन्दुगत आधारमा २०७० साउन मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालन १६.४ प्रतिशतले वृद्धि भएको छ। समीक्षा अवधिमा वाणिज्य बैंकहरुको निक्षेप परिचालन ०.६ प्रतिशतले घटेको छ भने विकास बैंक र वित्त कम्पनीहरुको निक्षेप परिचालन क्रमशः ०.९ प्रतिशत र १.४ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरुको निक्षेप परिचालन ०.२ प्रतिशतले, विकास बैंकहरुको १.१ प्रतिशतले र वित्त कम्पनीहरुको पनि १.१ प्रतिशतले बढेको थियो।




### बैंक तथा वित्तीय संस्थाहरुको कर्जा प्रवाहको स्थिति

6. आर्थिक वर्ष २०७०/७१ को पहिलो महिनामा बैंक तथा वित्तीय संस्थाहरुको कर्जा तथा लगानी सीमान्त रुपले अर्थात रु. ४८ करोडले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा तथा लगानी ०.७ प्रतिशत (रु. ६ अर्ब ६७ करोड) ले बढेको थियो। समीक्षा अवधिमा वाणिज्य बैंकहरुको कर्जा तथा लगानी ०.२ प्रतिशतले घटेको छ भने विकास बैंक र वित्त कम्पनीहरुको कर्जा तथा लगानी क्रमशः १.३ प्रतिशतले र ०.१ प्रतिशतले बढेको छ। समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ०.२ प्रतिशत (रु. २ अर्ब २४ करोड) ले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ०.१ प्रतिशत (रु. ४४ करोड) ले बढेको थियो। वार्षिक विन्दुगत आधारमा २०७० साउन मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा २०.४ प्रतिशतले वृद्धि भएको छ। निजी क्षेत्रतर्फ प्रवाहित कर्जा मध्ये वाणिज्य बैंकहरुको कर्जा प्रवाह ०.३ प्रतिशतले र वित्त कम्पनीहरुको १.५ प्रतिशतले घटेको छ भने विकास बैंकहरुको कर्जा प्रवाह ०.८ प्रतिशतले बढेको छ।

7. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा रु. ३२ करोडले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रतर्फको कर्जा रु. २ अर्ब २४ करोडले बढेको थियो। त्यसैगरी, अघिल्लो वर्षको सोही अवधिमा कृषि क्षेत्रतर्फको कर्जा रु. १ अर्ब ७९ करोडले बढेको तुलनामा समीक्षा अवधिमा रु. ७ करोडले घटेको छ। समीक्षा अवधिमा निर्माण क्षेत्रतर्फको कर्जा रु. १ अर्ब १८ करोडले र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फ रु. ११ करोडले बढेको छ भने थोक तथा खुद्रा व्यापारतर्फको कर्जा रु. १ अर्ब ९९ करोडले

घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा निर्माण क्षेत्रतर्फको कर्जा रु. २४ करोडले बढेको थियो भने थोक तथा खुद्रा व्यापारतर्फको कर्जा रु. १ अर्ब ५९ करोडले र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा रु. २६ करोडले घटेको थियो ।

### तरलता व्यवस्थापन

8. आर्थिक वर्ष २०७०/७१ को पहिलो महिनामा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरु) बाट अमेरिकी डलर १८ करोड १८ लाख खुद खरिद गरी रु. १७ अर्ब ७३ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर १४ करोड १७ लाख खुद खरिद गरी रु. १२ अर्ब ५५ करोडको खुद तरलता प्रवाह भएको थियो ।

9. समीक्षा अवधिमा अमेरिकी डलर ३२ करोड बिक्री गरी रु. ३० अर्ब ८७ करोड बराबरको भा.रु. खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर २४ करोड बिक्री गरी रु. २१ अर्ब ३१ करोड बराबरको भा.रु. खरिद भएको थियो ।

### अन्तर-बैंक कारोबार र स्थायी तरलता सुविधाको उपयोग

10. आर्थिक वर्ष २०७०/७१ को पहिलो महिनामा वाणिज्य बैंकहरुले रु. १० अर्ब ८२ करोड र अन्य वित्तीय संस्थाहरू (विकास बैंक र वित्त कम्पनीहरु) ले रु. ११ अर्ब ८९ करोड बराबरको अन्तर-बैंक कारोबार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरु र अन्य वित्तीय संस्थाहरूले क्रमशः रु. ३ अर्ब ७८ करोड र रु. ८ अर्ब ४ करोड बराबरको यस्तो कारोबार गरेका थिए । समीक्षा अवधिमा स्थायी तरलता सुविधाको भने उपयोग भएको छैन ।

### ब्याजदर

11. २०६९ साउनको तुलनामा २०७० साउनमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर केही वृद्धि भएको छ भने अन्तर-बैंक कारोबारको ब्याजदरहरुमा केही कमी आएको छ । ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर अघिल्लो वर्षको साउन महिनामा ०.१८ प्रतिशत रहेकोमा २०७० साउन महिनामा ०.२५ प्रतिशत रहेको छ । त्यसैगरी, वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर अघिल्लो वर्षको साउनमा ०.४८ प्रतिशत रहेकोमा २०७० साउनमा ०.३० प्रतिशत रहेको छ । अन्य वित्तीय संस्थाहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०६९ साउनमा ४.८५ प्रतिशत रहेकोमा २०७० साउनमा ४.२७ प्रतिशत रहेको छ ।

12. २०७० को साउन महिनामा वाणिज्य बैंकहरुको निक्षेपको भारित औसत ब्याजदर ५.१३ प्रतिशत रहेको छ भने कर्जाको भारित औसत ब्याजदर १२.१० प्रतिशत रहेको छ । सो अनुसार, निक्षेप र कर्जा बीचको ब्याजदर अन्तर ६.९७ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी, वाणिज्य बैंकहरुको औसत आधार दर २०७० साउन महिनामा ९.६३ प्रतिशत कायम हुन आएको छ ।

## धितोपत्र बजार

13. नेप्से सूचकाङ्क वार्षिक विन्दुगत आधारमा ३४.७ प्रतिशतले वृद्धि भई २०७० साउन मसान्तमा ५३६.५ विन्दुमा पुगेको छ । सो सूचकाङ्क अघिल्लो वर्षको सोही अवधिमा १३.५ प्रतिशतले वृद्धि भई २०६९ साउन मसान्तमा ३९८.३ विन्दु कायम भएको थियो ।



चार्ट ३: नेप्से परिसूचक (२०६९/७०-२०७०/७१)

14. धितोपत्रको बजार पूँजीकरण वार्षिक विन्दुगत आधारमा ४२.० प्रतिशतले वृद्धि भई २०७० साउन मसान्तमा रु. ५३४ अर्ब ४४ करोड कायम भएको छ । २०७० साउन मसान्तमा कायम बजार पूँजीकरणको आर्थिक वर्ष २०६९/७० को कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ३१.४ प्रतिशत रहेको छ । २०६९ साउन मसान्तमा यस्तो अनुपात २४.५ प्रतिशत रहेको थियो ।

15. बजार पूँजीकरणका आधारमा धितोपत्र बजारमा बैंक तथा वित्तीय संस्थाहरूको सबैभन्दा बढी हिस्सा रहेको छ । २०७० साउन मसान्तमा कायम रहेको बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरूको (बीमा कम्पनीहरु सहित) अंश ७३.३ प्रतिशत रहेको छ भने उत्पादन तथा प्रशोधन क्षेत्रको ३.० प्रतिशत, होटलहरूको १.६ प्रतिशत, व्यापारिक संस्थाहरूको ०.२ प्रतिशत, जलविद्युत क्षेत्रको ६.४ प्रतिशत र अन्यको १५.५ प्रतिशत रहेको छ ।



चार्ट ४: सूचीकृत कम्पनीहरुको बजार पूंजीकरण (२०७० साउन मसान्त)

16. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको सँख्या २०६९ साउन मसान्तसम्ममा २१९ रहेकोमा २०७० साउन मसान्तसम्ममा २२६ पुगेको छ । सूचीकृत कम्पनीहरूमध्ये १९४ वटा बैंक तथा वित्तीय संस्था (बीमा कम्पनी समेत) रहेका छन् भने १८ वटा उत्पादन र प्रशोधन उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था, ४ वटा जलविद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

17. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको चुक्ता पूँजी वार्षिक विन्दुगत आधारमा १४.५ प्रतिशतले बढी २०७० साउन मसान्तमा रु. १२६ अर्ब ६२ करोड पुगेको छ । चालू आर्थिक वर्षको पहिलो महिनामा रु. १६ करोड ७८ लाख बराबरको हकप्रद शेयर, रु. ९२ करोड ७२ लाख बराबरको बोनस शेयर गरी कुल रु. १ अर्ब ९ करोड ५० लाख बराबरको धितोपत्र सूचीकृत भएको छ ।

# मुद्रास्फीति र तलब तथा ज्यालादर

## उपभोक्ता मुद्रास्फीति

18. आर्थिक वर्ष २०७०/७१ को साउन महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ७.९ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ११.९ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा वार्षिक विन्दुगत आधारमा खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्कको वृद्धिदर ८.९ प्रतिशत रहेको छ भने गैर-खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्कमा ७.० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः १२.२ प्रतिशत र ११.६ प्रतिशतले वृद्धि भएको थियो ।




19. समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये माछा मासु उप-समूहको वार्षिक मूल्य सूचकाङ्कको वृद्धिदर सवैभन्दा बढी अर्थात १७.४ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा ११.५ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्षको सोही अवधिमा क्रमशः १२.६ प्रतिशत र ५.८ प्रतिशतले वृद्धि भएको रेस्टुरेण्ट तथा होटल र खाद्यान्न उप-समूहहरुको मूल्य सूचकाङ्क समीक्षा अवधिमा क्रमशः १२.२ प्रतिशत र ११.५ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, समीक्षा अवधिमा सूर्तिजन्यपदार्थ र मदिराजन्यपदार्थ उप-समूहको विन्दुगत मूल्य सूचकाङ्क क्रमशः ९.९ प्रतिशत र ९.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी उपसमूहहरुको मूल्य सूचकाङ्कमा क्रमश १७.९ प्रतिशत र १२.१ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्षको सोही अवधिमा ०.६ प्रतिशतले ह्रास भएको मसलाको मूल्य सचकाङ्कमा समीक्षा अवधिमा ११.० प्रतिशतले वृद्धि भएको छ ।

20. समीक्षा अवधिमा गैर-खाद्य तथा सेवा समूहका वस्तुहरुमध्ये फर्निसिङ तथा घरायसी उपकरण उप-समूहको मूल्य सूचकाङ्क सबै भन्दा बढी अर्थात १०.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा १४.२ प्रतिशतले वृद्धि भएको थियो । त्यस्तै, समीक्षा अवधिमा लत्ता कपडा तथा जुत्ता-चप्पल र शिक्षा उप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः ९.८ प्रतिशत र ७.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उल्लिखित दुवै उप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः १५.१ प्रतिशत र १२.५ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, समीक्षा अवधिमा स्वास्थ्य र यातायात दुबै उप-समूहहरुको मूल्य सूचकाङ्कमा ६.४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यी उप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमश ८.१ प्रतिशत र १४.८ प्रतिशतले वृद्धि भएको थियो । संचार उप-समूहको मूल्य सूचकाङ्कमा भने समीक्षा अवधिमा ०.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा ४.० प्रतिशतले ह्रास भएको थियो ।

21. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा सवैभन्दा बढी तराईमा ८.३ प्रतिशत, काठमाडौं उपत्यकामा ८.० प्रतिशत र पहाडमा ७.१ प्रतिशतले मूल्य सूचकाङ्कमा वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रहरुमा यस्तो मूल्य सूचकाङ्कको वृद्धिदर क्रमशः ११.८ प्रतिशत, १२.३ प्रतिशत र ११.५ प्रतिशत रहेको थियो ।

### थोक मुद्रास्फीति




22. आर्थिक वर्ष २०७०/७१ को साउन महिनामा वार्षिक विन्दुगत थोक मुद्रास्फीति ५.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ११.८ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा थोक मूल्य अर्न्तगत कृषिजन्य वस्तु, आयातीत वस्तु तथा स्वदेशमा उत्पादित वस्तुहरुको मूल्य सूचकाङ्कमा क्रमशः ७.८ प्रतिशत, ४.५ प्रतिशत र २.४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यी सूचकाङ्कहरुको वृद्धिदर क्रमशः १३.६ प्रतिशत, ११.४ प्रतिशत र ६.९ प्रतिशत रहेको थियो ।

### राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क

23. समीक्षा अवधिमा वार्षिक विन्दुगत राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क ९.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सूचकाङ्क १२.२ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा तलब सूचकाङ्क १३.६ प्रतिशतले वृद्धि भएको छ भने ज्यालादर सूचकाङ्क ८.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा तलब सूचकाङ्कमा ०.२ प्रतिशतले वृद्धि भएको थियो भने ज्यालादर सूचकाङ्कमा १५.३ प्रतिशतले वृद्धि भएको थियो ।

24. समीक्षा अवधिमा तलब अन्तर्गत सैनिक तथा प्रहरी सेवा, निजामती सेवा र शिक्षा क्षेत्रको तलब सूचकाङ्क क्रमशः २६.२ प्रतिशत, २६.१ प्रतिशत र १२.४ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै ज्यालादर अन्तर्गत कृषि मजदूर, औद्योगिक मजदूर र निर्माण मजदूरको ज्यालादर सूचकाङ्क क्रमशः ९.६ प्रतिशत, ७.५ प्रतिशत र १.५ प्रतिशतले वृद्धि भएको छ ।

## सरकारी वित्त स्थिति *

### बजेट घाटा/बचत

25. आर्थिक वर्ष २०७०/७१ को पहिलो महिनामा नगद प्रवाहमा आधारित सरकारी बजेट रु. २२ अर्ब १३ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी बजेट रु. ९ अर्ब ३० करोडले बचतमा रहेको थियो । समीक्षा अवधिमा स्रोत परिचालनको तुलनामा सरकारी खर्च न्यून रहेकोले सरकारी बजेट बचतमा रहेको हो ।

* नेपाल राष्ट्र बैंकका ८ वटा कार्यालयहरु, सरकारी कारोबार गर्ने राष्ट्रिय वाणिज्य बैंकका ६६ वटा शाखाहरु, नेपाल बैंक लिमिटेडका ४४ वटा शाखाहरु, एभरेष्ट बैंक लिमिटेडका ५ वटा शाखाहरु, नेपाल वंगलादेश बैंक लिमिटेडको १ शाखा र ग्लोबल आईएमई बैंक लिमिटेडको १ शाखाबाट प्राप्त विवरणको आधारमा तयार गरिएको ।

## सरकारी खर्च

26. समीक्षा अवधिमा नगद प्रवाहमा आधारित कुल सरकारी खर्चमा ५५.७ प्रतिशतले कमी आई रु. ६ अर्ब ६१ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी खर्च १०९.२ प्रतिशतले बढेको थियो ।




## सरकारी राजस्व

27. समीक्षा अवधिमा नेपाल सरकारको राजस्व परिचालन २८.९ प्रतिशतले वृद्धि भई रु. २४ अर्ब ६८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो राजस्व २७.५ प्रतिशतले वृद्धि भई रु. १९ अर्ब १५ करोड पुगेको थियो । कर चुहावट नियन्त्रण एवं राजस्व प्रशासनमा भएको समग्र सुधारका कारण राजस्व परिचालनमा विस्तार आएको हो ।




28. समीक्षा अवधिमा अन्तःशुल्क, रजिष्ट्रेशन शुल्क र गैर-कर राजस्वको वृद्धिदरमा विस्तार भएको छ भने मूल्य अभिवृद्धि कर, आयकर र भन्सार राजस्वको वृद्धिदरमा कमी आएको छ ।

## वैदेशिक नगद ऋण र अनुदान

29. आर्थिक वर्ष २०७०/७१ को पहिलो महिनामा नेपाल सरकारलाई वैदेशिक नगद ऋणवापत रु. ६० करोड ८७ लाख र वैदेशिक नगद अनुदानवापत रु. २ अर्ब ९२ करोड प्राप्त भएको छ । अघिल्लो वर्षको सोही अवधिमा ती शीर्षकहरुमा क्रमशः रु. १४ करोड ४१ लाख र रु. ५७ करोड ५३ लाख प्राप्त भएको थियो ।

# वाह्य क्षेत्र

## वैदेशिक व्यापार

30. आर्थिक वर्ष २०७०/७१ को पहिलो महिनामा कुल वस्तु निर्यात ५.४ प्रतिशतले वृद्धि भई रु. ७ अर्ब ५९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल वस्तु निर्यात १८.५ प्रतिशतले बढी रु. ७ अर्ब २० करोड रहेको थियो ।



31. कुल वस्तु निर्यातमध्ये भारततर्फको निर्यात अघिल्लो वर्षको सोही अवधिको ५.७ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा १५.१ प्रतिशतले बढेको छ । जिङ्क शिट, जुस, आयुर्वेदिक औषधि, पोलिष्टरको धागो आदिको निर्यातमा भएको वृद्धिका कारण भारततर्फको निर्यात अघिल्लो वर्षको सोही अवधिको तुलनामा समीक्षा अवधिमा उच्च रहन गएको हो । त्यस्तै, अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्षको सोही अवधिमा ४२.१ प्रतिशतले बढेको विपरीत समीक्षा अवधिमा ७.७ प्रतिशतले ह्रास आएको छ । विशेषतः दाल, नेपाली कागज र यसबाट बनेका सामानहरुको निर्यातमा आएको ह्रासका कारण अन्य मुलुकतर्फको निर्यात समीक्षा अवधिमा घट्न गएको हो । अमेरिकी डलरमा अन्य मुलुकतर्फको वस्तु निर्यात अघिल्लो वर्षको पहिलो महिनामा १४.४ प्रतिशतले बढेको विपरीत समीक्षा अवधिमा १६.४ प्रतिशले ह्रास आई अमेरिकी डलर २ करोड ८७ लाख पुगेको छ ।

32. समीक्षा अवधिमा कुल वस्तु आयात ४.६ प्रतिशतले बढेर रु. ४९ अर्ब १५ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ४३.७ प्रतिशतले वृद्धि भई रु. ४६ अर्ब ९८ करोड रहेको थियो । भारततर्फको आयातको वृद्धिदर न्यून रहेको र अन्य मुलुकतर्फको आयात घटेको कारण समीक्षा अवधिमा कुल वस्तु आयातको वृद्धिदर अघिल्लो वर्षको सोही अवधिको तुलनामा कम रहन गएको हो ।

33. कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्षको पहिलो महिनाको ४८.१ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा १०.७ प्रतिशतले बढेको छ । त्यसैगरी, अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्षको सोही अवधिको ३७.२ प्रतिशत वृद्धिको विपरीत समीक्षा अवधिमा ४.९ प्रतिशतले ह्रास भएको छ । अमेरिकी डलरमा अन्य मुलुकतर्फको वस्तु आयात अघिल्लो वर्षको पहिलो महिनामा १०.४ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १३.९ प्रतिशतले कमी आई अमेरिकी डलर १७ करोड ७१ लाख पुगेको छ । भारतबाट मुख्यतयाः पेट्रोलियम पदार्थ, अन्य मेशीनरी तथा पार्टस, ड्राईसेल व्याट्री, औषधि लगायतको आयात बढेको कारण भारततर्फको आयात केही बढेको हो । अन्य मुलुकबाट विशेषगरी पाइप तथा पाइप फिटिङ, विद्युतीय सामान, सुन, खानेतेल लगायतको आयात घटेको कारण त्यस तर्फको आयातमा ह्रास भएको हो ।

34. समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटा ४.५ प्रतिशतले वृद्धि भई रु. ४१ अर्ब ५६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल वस्तु व्यापार घाटा ४९.४ प्रतिशतको उच्च दरले बढेको थियो । कुल वस्तु व्यापार घाटामध्ये भारतसँगको घाटा समीक्षा अवधिमा ९.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा भारतसँगको यस्तो घाटा ५८.९ प्रतिशतको उच्च दरले बढेको थियो । त्यस्तै, अघिल्लो वर्षको पहिलो महिनामा ३६.३ प्रतिशतले बढेको अन्य मुलुकसँगको व्यापार घाटा समीक्षा अवधिमा ४.४ प्रतिशतले ह्रास आएको छ ।

35. निर्यात-आयात अनुपात समीक्षा वर्षको पहिलो महिनामा १५.४ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात १५.३ प्रतिशत रहेको थियो ।

## शोधनान्तर स्थिति

36. आर्थिक वर्ष २०७०/७१ को पहिलो महिनामा समग्र शोधनान्तर स्थिति रु. १६ अर्ब ९ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा रु. ५ अर्ब ५६ करोडले शोधनान्तर बचतमा रहेको थियो । समीक्षा अवधिमा चालू खाता रु. १० अर्ब ७ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यो खाता रु. ६ करोडले बचतमा रहेको थियो । खासगरी वस्तु आयातमा भएको न्यून वृद्धि र सेवा आयात घटेको कारण चालू खाता बचत अघिल्लो वर्षको तुलनामा बढी रहन गएको हो । अमेरिकी डलरमा समीक्षा अवधिमा शोधनान्तर बचत १६ करोड ७० लाख डलर र

चालू खाता बचत १० करोड ४५ लाख डलर रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर बचत ६ करोड २७ लाख डलर र चालू खाता बचत ६ लाख डलर रहेको थियो ।

37. एफ.ओ.बी. मूल्यमा आधारित वस्तु व्यापार घाटा अघिल्लो वर्षको सोही अवधिमा ४८.३ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ५.९ प्रतिशतले मात्र बढी रु. ४० अर्ब १६ करोड पुगेको छ । समीक्षा अवधिमा खुद सेवा आय ८९.७ प्रतिशतले वृद्धि भई रु. १ अर्ब १९ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय ५२.४ प्रतिशतले वृद्धि भई रु. ६२ करोड ८१ लाखले बचतमा रहेको थियो । त्यस्तै, खुद ट्रान्सफर आय अघिल्लो वर्षको सोही अवधिको ४३.८ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा २७.६ प्रतिशतले वृद्धि भई रु. ४७ अर्ब ९८ करोड पुगेको छ । ट्रान्सफर अन्तर्गत विप्रेषण आप्रवाह अघिल्लो वर्षको सोही अवधिको ५४.६ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा २३.८ प्रतिशतले वृद्धि भई रु. ४१ अर्ब ८७ करोड पुगेको छ । अमेरिकी डलरमा विप्रेषण आय अघिल्लो वर्षको २४.४ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा १४.१ प्रतिशतले वृद्धि भई ४३ करोड ४७ लाख डलर पुगेको छ ।

## विदेशी विनिमय सञ्चिति

38. २०७० साउन मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०७० असार मसान्तको रु. ५३३ अर्ब ३० करोडको तुलनामा ४.२ प्रतिशतले वृद्धि भई रु. ५५५ अर्ब ८७ करोड पुगेको छ । २०६९ साउन मसान्तमा यस्तो सञ्चिति २०६९ असार मसान्तको तुलनामा १.९ प्रतिशतले बढेर रु. ४४७ अर्ब ८६ करोड रहेको थियो । कुल सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७० असार मसान्तको रु. ४५२ अर्ब ९९ करोडको तुलनामा २०७० साउन मसान्तमा २.६ प्रतिशतले वृद्धि भई रु. ४६४ अर्ब ९६ करोड पुगेको छ । अमेरिकी डलरमा भने बैकिङ्ग क्षेत्रको कुल सञ्चिति २०६९ असारदेखि २०७० साउन मसान्तसम्ममा १.१ प्रतिशतले मात्र वृद्धि भई अमेरिकी डलर ५ अर्ब ६७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सञ्चिति १.७ प्रतिशतले बढेको थियो । त्यसैगरी, आर्थिक वर्ष २०७०/७१ को पहिलो महिनामा अपरिवर्त्य भारतीय मुद्रा सञ्चिति १०९.९ प्रतिशतले बढेर भा. रु. १५६ अर्ब ४६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सञ्चिति १.० प्रतिशतले मात्र बढेको थियो । आर्थिक वर्ष २०७०/७१ को पहिलो महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तर ११.५ महिनाको वस्तु आयात र ९.९ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।




## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

39. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६९ साउन मसान्तमा प्रति व्यारल अमेरिकी डलर ११५.५१ रहेकोमा २०७० साउन मसान्तमा ३.४ प्रतिशतले ह्रास भई प्रति व्यारल अमेरिकी डलर १११.५८ पुगेको छ । त्यसैगरी, सुनको मूल्य २०६९ साउन मसान्तको तुलनामा २०७० साउन मसान्तमा १७.० प्रतिशतले ह्रास आई प्रति आउन्स अमेरिकी डलर १३२९.७५ कायम रहेको छ ।

40. २०७० असार मसान्तको तुलनामा २०७० साउन मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ३.० प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ०.२ प्रतिशतले अवमूल्यन भएको थियो । २०७० साउन मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ९७.९६ पुगेको छ । २०७० असार मसान्तमा उक्त विनिमय दर रु.९५.०० रहेको थियो ।